# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २६ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- करगिल विजय दिवसको अवसरमा आज वीर शहिदहरुलाई देशको विभिन्न भाग साथै सुकनामा त्रीशक्ति कोरले श्रद्धांजली अर्पण गरेको छ।

- भोलि २७ जुलाई शहिद दिवस पालन गरिनेछ। पहाड़ र तराई क्षेत्रमा विभिन्न कार्यक्रमहरु आयोजित गरिएको छ।

- कोलकाताको चर्चित लॉ कॉलेज दुष्कर्म मामलामा जांच तिब्र गतिमा अघि बढिरहेको छ ।

- पश्चिम बंगालको सिलगड़ीमा एनजीओ को नाममा मानव तस्करी गर्ने एउटा ठुलो गुटको भंडाफोड़ भएको छ।

- मौसम विभागले आगमी एक-दुइ दिनमा दार्जीलिङ्ग पार्वतीय क्षेत्रमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

**सुकना कारगिल दिवस**

त्रिशक्ति कोरले आज सुकना सैन्य छावनीमा कारगिल विजय दिवस पालन गर्दै वीर शहीदहरूलाई नमन गर्दै श्रद्धान्जली अर्पित गरयो।

*बाइट*

*लेफ्टिनेन्ट जेनेरल जुबिन ए. मिनवाला, जी.ओ.सी- त्रिशक्ति कोरले सुकना स्थित त्रिशक्ति युद्ध स्मारकमा पुष्प चक्र अर्पित गरी श्रद्धान्जली अर्पित गर्नुभयो। यस अवसरमा अवकाश प्राप्त सैन्य अधिकारी- जवानहरू, बिमारीहरू, सैन्य अधिकारीहरू कनिष्ठ कमान अधिकारीहरू र जवानहरू उपस्थित थिए। यस अवसरमा उपस्थित सबैले एक मिनटको मौन धारण गरी श्रद्धान्जली अर्पित गरे। यस अवसरमा सेनामा हुदा विशिष्ट सेवा प्रदान गर्ने अवसर प्राप्त जवानहरूको सम्बर्द्धना पनि गरियो। यस अवसरमा बौल्दै जी.ओ.सी मिनवालाले भन्नुभयो, देश सीमानाको रक्षा गर्न त्रिशक्ति कोर दृढ़ संकल्प छ। कारगिलका हाम्रा वीर नायकहरू हाम्रो प्रेरणा स्रोत रहेको पनि उहाँले बताउनु भयो।*

**करगिल**

२६ औ करगिल विजय दिवसको अवसरमा आज करगिल युद्ध मा आफ्नो प्राणको बलिदान दिने वीर सैनिकहरुलाई देशभरी भावभीनी श्रद्धांजलि दिइंदैछ। राष्ट्रपति द्रौपदी मुर्मु अनि प्रधानमंत्री नरेन्द्र मोदीले करगिल युद्ध का शहीदहरुलाई श्रद्धांजलि अर्पित गरेका छन्। आफ्नो संदेशमाए राष्ट्रपतिले यो दिन देश का सैनिकहरुको असाधारण पराक्रमए साहस अनि दृढ़ निश्चयको प्रतीक रहेको बताउनुभएको छ। उहाँले राष्ट्रको लागि उनीहरुको समर्पण अनि सर्वोच्च बलिदानले नागरिकहरुलाई सदैव प्रेरित गरिरहने बताउनुभयो। प्रधानमंत्री नरेन्द्र मोदीले यस अवसरले ती वीर सपूतहरुका अद्वितीय साहस अनि पराक्रमको स्मरण गराउने कुरो बताउनु हुँदै वीर शहिदहरुले राष्ट्र को गौरवको रक्षाको लागि आफ्नो जीवन समर्पित गरेको बताउनुभयो। यस अवसरमाए रक्षा मंत्री राजनाथ सिंहले पनि करगिल युद्धको अवधि वीरहरुका सर्वोच्च बलिदानले सशस्त्र बलहरुका दृढ़ संकल्पको का स्मरण गराउने कुरो बताउनुभएको छ।

**खरसाङ- शहिद दिवस**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको तत्वावधानमा यसपाली पनि खरसाङमा शहीद दिवस समारोह सम्पन्न हुने भएको छ। शहीद दिवसको साथमा गत वर्ष झैं यसपाली पनि युवा शक्ति खरसाङ महकुमा समिति र खरसाङ टाउन कमिटीको आयोजनामा

सम्पन्न हुने भएको छ। यस विषयमा आज खरसाङमा पत्रकारहरुलाई सम्बोधन गर्दै युवा शक्ति खरसाङ महकुमा समितिको सभापतिले विस्तृत रुपमा जानकारी गराएका छन्। जानकारी अनुसार यसपाली पनि खरसाङको इगल क्र्याकमा रहेको शहीद वेदीमा बिहान श्रध्दाञ्जली कार्यक्रम हुने र त्यसपछि खरसाङको नयाँ बजारस्थित सार्वजनिक भवनमा सम्मान कार्यक्रमको आयोजना गरिने भएको छ। यसको साथै खरसाङमा युवा शक्तिको तर्फबाट गत वर्ष झैं यसपाली पनि शहीद दिवसको दिन नै रक्तदान शिविरको आयोजना गरिने भएको जानकारी प्राप्त भएको छ।

**लाँ-कलेज**

कोलकाताको चर्चित लॉ कॉलेज दुष्कर्म मामलामा जांच तिब्र गतिमा अघि बढिरहेको छ। अब फॉरेंसिक जांचको दुई प्रमुख रिपोर्टहरुले यस मामलामा तीन मुख्य आरोपितहरुको भूमिकाको पुष्टि गरेको छ। यसमा एक आरोपिलाई मुख्य रूपले दुष्कर्मको आरोपित अनि अन्य दुईजनालाई उसको सहयोगीको भूमिकामा चिन्हित गरिएको छ। पुलिस सुत्र अनुसार पहिलो फॉरेंसिक रिपोर्टए मुख्य आरोपितको मोबाइल फोनको जांच सित सम्बन्धित छ। मोबाइल डेटा बाट कॉलेज छात्रा सित दुष्कर्मको पुष्टि भएको साथै मिश्राको पहिलाको यौन शोषणको घटनाहरु बारे पनि संकेत प्राप्त भएको छ। अधिकारिहरुले अहिले पुरानो मामलाहरु बारे अधिक जानकारी दिन अश्विकार गरेका छन्। दोश्रो रिपोर्ट घटनास्थल अर्थात् कॉलेज परिसर स्थित गार्ड रूमबाट प्राप्त भएको खूनको नमूनाहरुमाथि आधारित छ। यस रिपोर्टमा मुख्य आरोपित बाहेक अन्य दुइको उपस्थिति अनि संलिप्तताको पुष्टि भएको छ। जांच मा हाल सम्म ६० जना मानिसको बयान पनि दर्ता गरिएको छ। यसको साथै कॉलेज परिसर मा लागोको सीसीटीवी कैमरहरुको फुटेज पनि जांच अहम मानिएको छ। पुलिसले मानिसहरुको बयान, फॉरेंसिक प्रमाण अनि सीसीटीवी फुटेजको आधारमा तयार गरिएको यो मामला पूर्ण रुपले ठोस बनेको अनि चाँड़े नै न्यायलयमा-पेश-गरिने-बताइएको-छ।

**महारक्तदान- ब्रहकुमारी**

प्रजापिता ब्रहकुमारी ईश्वरीय विश्वविद्यालय तथा राजयोग संस्थानद्वारा आउँदो २२ देखि २५ अगस्तको दिन विश्वभरि एकसाथ आयोजित गरिने महा-रक्तदान कार्यक्रम दार्जीलिङ पहाड़ तथा सिक्किममा पनि आयोजित गरिनेछ। विश्वभरि यस दिन एक लाख युनिट रक्त संग्रह गरी विश्व कीर्तिमान बनाउने तथा गिनिस बुक अफ् वर्ल्ड रिकर्डमा नाम दर्ता गराउने लक्ष्य संस्थानले राखेको छ। पहाड़मा रक्तदानलाइ सफल बनाउने तयारीहरू अहिलेदेखि नै आरम्भ भएको छ। यसै सन्दर्भमा दार्जीलिङ, खरसाङमा एउटा बैठक गरी क्रमशः २३ र २४ अगस्तको दिन रक्तदान गर्ने मिति तय गरिएको छ भने कालेबुङ जिल्लामा यस रक्तदान कार्यक्रममा अधिकभन्दा अधिक मानिसहरूलाई सामेल गराउनका लागि २८ जुलाईको दिन जिल्लामा झण्डै ६० भन्दा बढ़ी संघ संस्थानहरूसित एउटा महत्वपूर्ण बैठक डाकिएको जानकारी संस्थानका संयोजक देवराज प्रधानले दिनु भएको छ-

*बाइट*

संस्थानकी क्षेत्रीय प्रमुख प्रशासिका राजयोगिनी दादी प्रकाशमणी-जीको पुण्य तिथि २५ अगस्तलाई ध्यानमा राख्दै विश्वका १ सय ४५ देशहरूमा विश्व बन्धुत्व र आपसी प्रेमको प्रतीक स्वरूप महा-रक्तदान कार्यक्रम आयोजित गरिने छ।

**सिलगढ़ी- एनजीओ**

पश्चिम बंगालको सिलीगड़ीमा एनजीओ को नाममा मानव तस्करी गर्ने एउटा ठुलो गुटको भंडाफोड़ भएको छ। पुलिसले यस मामलामा श्दुर्ग एजुकेशन एंड चैरिटेबल सोसाइटीश नामक संगठनको निदेशकलाई गिरफ्तार गरेको छ। पुलिस जांचमा यस एनजीओले गरीब परीवारका युवतिहरुलाई ठुलो कंपनीहरुमा रोजगार दिलाउने झांसा दिएर फँसाएको थाहा लागेको छ। हालै राजधानी एक्सप्रेसबाट ५६ युवतीहरुलाई न्यू जलपाईगुड़ी स्टेशनबाट तस्करी हुन अघि नै बचाइए पछि यस गुटबारे पत्तो लागेको बताइएको छ। रेलवे सुरक्षा बल (आरपीएफ) अनि राजकीय रेलवे पुलिस (जीआरपी) को यस संयुक्त कार्यवाहीमा रेलवे स्टेशनबाट दुइ मानिसलाई गिरफ्तार पनि गरिएको थियो। युवतीहरुलाई एउटा नामी मोबाइल कम्पनीमा रोजगार दिइने छ भनी बिहार लगिन अघि नै ट्रेनबाट उद्धार गरिएको छ। सबै पीड़ित युवतीहरु जलपाईगुड़ीए बनारहाटए कूचबिहार अनि अलीपुरद्वार को कालचीनी क्षेत्रको रहेको बताइएको छ। पुलिस अनुसार एनजीओले सिलीगुड़ी मा एउटा ट्रेनिंग सेंटर अनि छात्रावास चलाइरहेको थियो। हाल

पुलिसले उद्धार गरिएका युवतीहरुको बयान दर्ता गर्न साथै अघि एनजीओ का अन्य एजेन्टहरुको खोजी गरिरहेको छ।

**कोलकाता-हवाई अड्डा**पूर्वी

भारतको सबैभन्दा व्यस्त हवाई अड्डाहरुमा शामेल नेताजी सुभाष चंद्र बोस अंतरराष्ट्रीय हवाई अड्डा अब एउटा ठुलो परिवर्तन तर्फ अग्रसर भइरहेको छ। यात्रीहरुको बढ्दो संख्यालाई ध्यानमा राख्दै हवाई अड्डा प्रशासनले पुरानो घरेलू टर्मिनललाई पूर्ण रुपले ध्वस्त बनाई एउटा आधुनिक अंतरराष्ट्रीय टर्मिनलको निर्माण गर्ने छ। यस विस्तारको साथै हवाई अड्डाको कुल यात्री वहन क्षमता २ करोड़ ६० लाख देखि बढ़ेर ४ करोड़ ५० लाख पुग्नेछ। नयाँ टर्मिनल पूर्ण रुपले अंतरराष्ट्रीय उड़ानहरुको लागि समर्पित रहनेछ अनि यसलाई आधुनिक यू-आकारको संरचना मा बनाइनेछ।

***********